२६१

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २८५/२०७०/०७१

रौतहट जिल्ला, भलोहिया गा.वि.स वडा नं. ६, बस्ने प्रविण कुमार शर्मा ............................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर ..................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर....................................................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्ने ।**

रौतहट जिल्ला, भलोहिया गा.वि.स वडा नं. ६, बस्ने प्रविण कुमार शर्माले जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०१।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०२।०५ मा भएको आदेश मिति २०७१।०२।१३, च.नं. ९८८/३९२ को पत्रबाट कार्यान्वयनको लागि पठाइएको देखिन्छ। सो पश्चात निवेदकले यस आयोगमा पटक पटक पुनरावेदन गरेको र आयोगबाट पनि आदेश र पत्राचर भएको देखिन्छ । यस आयोगबाट निवेदकले माग गरेको सूचना पाइसकेको भन्ने आधारमा लगत कट्टा समेत भएकोमा निवेदकले मिति २०७१।१२।०८ मा पुनः उजुरी निवेदन दिएको देखिन्छ । सो पश्चात जिल्ला शिक्षा कार्यालय, रौतहट, गौरको मिति २०७१।१२।३०, च.नं. २६२५ को पत्रबाट निज निवेदकलाई माग गरेको सूचना उपलब्ध गराई यस आयोगमा बोधार्थ दिएको देखिएको । पछि निवेदकले सूचना पाइन भनी पुनः निवेदन/पुनरावेदन गरेमा अग्रिम कारवाही गर्न सकिने नै हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।